सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

■ बर्ष-१५, ▶▶ अंक ३९५ भदौ ७ सोमबार,२०७८, August– 23 Monday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/-www.majhkharka.com

मुलुकी दैनिक को पाठकहरुको लागि जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना । तपाईहरुले २०७८ साल बैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला ।

उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नम्बर ११ ढिम्की बरुवाखोलामा जनै फेर्न नुहाउँदै स्थानीयहरु । तस्बिर - मुलुकी

त्रियुगा उद्योग बाणिज्य संघका निबर्तमान प्रथम उपाध्यक्ष भरत चामलिङ राईलाई रक्षाबन्धनको दिन रक्षा बन्धन डोरी बाँधिदिँदै ब्रहमाकुमारी ललिता कुमारी यादब। तस्बिर - मुलुकी

उदयपुरमा सार्बजनिक बिदामा सरकारी गाडीको दुरुपयोग

❖ **बुद्धि कुमार राई**

गाईघाट, भदौ ६

उदयपुर जिल्लाको सदरमुकाम गाइघाटमा सार्बजनिक बिदाको दिन सरकारी सेतो प्लेटको गाडी चरम दुरुपयोग भएको फेला परेको छ । २०७८ साक भदौ ६ गते आइतबार जनैपुर्णिमा रक्षाबन्धनको दिन सरकारी कार्यालय पुर्ण बन्द थियो ।तर उदयपुर गाइघाटमा सरकारी सेतो प्लेटको गाडी बजारभरि कुदिरहेको थियो । आइतबार गाइघाटबजारमा जिल्ला सम्वनय समिती उदयपुरको बा १ झ ७२५९ नम्बरको गाडी बजारमा अन्य ब्यात्तीलाई चढायर बजार परिक्रमा गरिरहेका थिए । यी बाहेस आइतबार सार्बजनिक बिदाको दिन दुरुपयोग भएका सरकारी मोटरसाइकलहरु बाबागमती प्रदेश ०२००१ ब २५६४, ज १ ब ८५०, ज १ ब ७९१, स १ ब ४६०, स १ ब १०८९, स १ ब ८९९, स १ ब ७९९, स ७ प ८१८१, स १ ब १३५० नम्बरका सेतो प्लेटका सरकारी मोटरसाइकलहरु दुरुपयोग भइरहेको छ । त्यस्तै बा २ झ ३८५२ को गाडी पनि गाइघाट बजारमा फेला परेको छ ।



मुलुकी दैनिक रंगिन बन्दै

उदयपुर जिल्लाको छापा पत्रकारिता इतिहासमा सबैभन्दा पुरानो माझखर्क साप्ताहिक बिगत १७ बर्षअघि २०६१ साल जेठ १३ गते बुधबारदेखि निरन्तर हरेक हप्ताको बुधबार प्रकाशन हुँदै आएको छ। माझखर्क साप्ताहिकको सहप्रकाशन मुलुकी खबर दैनिक बिगत १५ बर्षअघि २०६३ साल बैशाख ७ गते बुधबार देखि जिल्लाकै पहिलो दैनिक प्रकाशन हुँदै आएको छ।आगामी २०७८ साल भदौ १८ गते शुक्रबार मुलुकी दैनिक पत्रिका १६ बर्ष पुरा गरी १७ बर्ष लागेको अबसरमा रंगिन रुपमा प्रकाशन हुँदैछ । सो १७ औं बार्षिक उत्सवको दिन रंगिनमा पत्रिका बिशेष अंक प्रकाशन हुने भएकाले तपाई पाठक शुभचिन्तकहरुलाई बिशेष अंक प्रकाशनको लागि लेख पठाईदिनुहुन अनुरोध छ।

इभा निशा कश्मेटिक पसल

यहाँ मेलानी, फिटमे मेब्लिन रेब्लोन ओफन्नेम ब्राण्डका बिदेशी तथ स्वदेशी सामानहरु सुपथ मुल्यमा पाउनुका साथै मेहुन्दीलाई श्रृङ्गार, मेकअप पनि गरिन्छ ।

९८६२६८३४३३४

सम्पर्क - त्रिनपा-९ गाईघाट बजार मेनचोक बिशाल बजार अगाडी

"An Educational Utopia"
NESS Offers

ADMISSION OPEN

+2

LAW AYURVEDA

MANAGEMENT
Hotel Management, Computer Science

HUMANITIES
Opt. English, Sociology, Mass Communication
Rural Development, Human Rights

Namuna English Secondary School
Shivalaya Tole, Triyuga Municipality-11
Contact : 035-421233, 9863970641, 9863970644, 9863970650

सम्पादकीय

सरकारी गाडीको दुरुपयोग ।

भदौँ ६ गते आईतबार जनैपुर्णिमा रक्षाबन्धन सरकारी सार्बजनिक बिदाको दिन सरकारी कार्यालय पुर्ण बन्द थियो । जिल्ला सम्वनय समिति उदयपुरको बा १ झ ७२५९ नम्बरको सेतो प्लेटको गाडी सरकारी सार्बजनिक बिदाको दिन बजारमा मनोमानी ढंगले घुमिरहेको थियो । जिल्ला सम्वनय समितिका प्रमुख खड्का परियारले चलाउँदै आएको उक्त गाडीमा आईतबार बिदाको दिन त्यहाँ उनी नभएर अन्य ब्यात्ति सवार देखिन्थे ।

जिल्ला सम्वनय समितिको प्रमुख भएर जिल्लाको आठ वटा नै पालिकाका सम्वनय गर्ने प्रमुखले नै सार्बजनिक बिदाको दिन सरकारी ढुकुटीबाट चल्ने उक्त गाडी चलाएपछि उनले आफ्नो मातहत निकायका पालिकाका जनप्रतिनिधि र कर्मचारीलाई के सन्देश दिन सक्छन् र ? जन - जनको प्रश्न यहाँ उठेको छ । जनैपुर्णिमा रक्षा बन्धनको दिन सरकारी सवारी साधन प्रयोग गरेर सरकारी ढुकुटीमा जनताबाट उठाईएको करको पैसाले किनेको तेलमा रजाई गर्ने जनप्रतिनिधिबाट खासै आशा गर्ने ठाउँ देखिएन । जिल्लाको सम्वनय प्रमुख भएका परियारले सार्बजनिक बिदाको दिन र कार्यालय समय भन्दा अन्य समयमा सरकारी सवारी साधन प्रयोग नगरी अरुलाई सन्देश दिन सक्थे। उनी यहि चुके कि कार्यालय समय बाहेक र सरकारी सार्बजनिक बिदाको दिन सरकारी सवारी साधन प्रयोग गरे । खड्ग परियारलाई नै सिको गर्ने अन्य धैरै सरकारी सेतो प्लेटको मोटरसाईकल आईतबार जनैपुर्णिमाको दिन गाईघाट बजारमा आफ्नो निजि काममा प्रयोग गरेको पाईएको छ । जिल्ला प्रशासन कार्यालय उदयपुरले सरकारी सवारी साधन क-कसले कुन-कुन समयमा चलाउन पाउने भनेर कार्यबिधि बनाएको छ । उक्त कार्यबिधि अनुसार सार्बजनिक बिदा, सरकारी पोशाक लगाएको समय र कार्यालय समय बाहेक अन्य समयमा सरकारी सेतो प्लेटको गाडी चलाउन नपाउने नियम छ । तर उदयपुरमा त्यस ब्यबस्थालाई बेवास्ता गर्दै सरकारी सवारी साधन प्रयोग गरेको पाईएको छ । जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय उदयपुरको सम्वनयमा जिल्लामा रहेको सरकारी सवारी साधन उक्त कार्यालयका प्रमुखले लगत राख्ने र त्यहि लगत बमोजिम आबश्यकता अनुसार जनप्रतिनिधि र कर्मचारीलाई प्रयोग गर्न दिने नियम छ ।

कार्यालय समयमा सेवाग्राहीको काम गर्न नरुचाउने, सेवाग्राही नागरिकको काम नगर्ने कर्मचारी जनप्रतिनिधिले कार्यालय समय भन्दा बाहेक को समयमा सेवा दिन त परको कुरा बोल्न पनि चाहादैन जनप्रतिनिधि र सरकारी कर्मचारी । जनताको सेवामा पन्छिने कर्मचारी, जनप्रतिनिधिलाई बिदाको दिन सरकारी सवारी साधन प्रयोग गर्ने अधिकार कसले दियो ? कार्यालय समय, कार्यबिधिले दिएको अधिकार बमोजिम आबश्यकता अनुसार सरकारी सवारी साधन प्रयोग गर्छ भने हाम्रो आपत्ति भएन तर कार्यालय समय भन्दा बाहिर तरकारी किन्न जाने, हावा खान मोटरसाईकलमा घुम्न जाने, ससुराली जाने, बिद्यालयमा छोराछोरी पुर्याउन जाने जनप्रतिनिधि, कर्मचारी हाम्रो शुसासन कायम गर्ने अभियानमा उनीहरु सरकारी सवारी साधन प्रयोग गर्छन भने त्यो कार्य दुरुपयोग हो त्यसमा हाम्रो आपत्ती रहनेछ ।

गाईघाट बजारको खुद्रा तरकारी भाउ ।

१, आलु	रु ४०
२, अदुवा	रु १६०
३, टमाटर	रु ६०
४, बन्दा	रु ६०
५, भेन्टा	रु ८०
६, खुर्सानी	रु २००
७, मुला	रु ६०
८, पर्बल	रु १००
९, तितेकरेला	रु ६०
१०, भिन्डी	रु ८०
११, च्याउ	रु २४०
१२, काउली	रु १६०
१३, पर्सी	रु ५०
१४, कटहर	रु ४०
१५, काँक्रा	रु ७०
१६, धनियाँ	रु ८०
१७, लोकल बोडी	रु ८०
१८, खर्बुजा	रु ४०
१९, रायो साग	रु १००
२०, लट्टे साग	रु ६०
२१, प्याज	रु ७०
२२, निगुरो	रु २५
२३ दुध	रु. ७०
२४, दही	रु ९०
२५, मोही	रु ५०
२६, घ्यु	रु ७००
२७, राँगाको मासु	रु ४००
२८, बंगुरको मासु	रु ४००
२९, खसीको मासु	रु १,०००

४१ बर्ष सरकारी सेवामा सर्मपित गरेका खड्ग बहादुर खड्काबाट सिक्नुपर्ने कुराहरु

❖ **बेदकुमारी बान्तवा राई**

खड्ग खड्का

खड्ग खड्का

शाखा अधिकृत साईला भाई कुमार खड्का संग खड्ग खड्का

श्रीमती पार्वती खड्का

खड्ग खड्का

आमा मिश्रमाया खड्का

खोटाङ जिल्लाको तत्कालिन राजापानी गाबिसमा स्वर्गीय बुबा इन्द्रबहादुर खड्का र माता मिश्रमाया खड्काको ४ छोरा २ छोरी मध्ये जेठो सन्तान हुन् खड्ग बहादुर खड्का । उदयपुर जिल्लाको त्रियुगा नगरपालिकाको पञ्जिकरण शाखाको शाखा प्रमुखको रुपमा कार्य गर्दै आएका खड्ग बहादुर खड्का २०७८ साल भदौं १ गते मंगलबार नियमति ४१ बर्षे सेवाबाट उमेरको हदबन्दीले अबकाश पाए ।

उनको जन्म खोटाङ जिल्लाको तत्कालिन राजापानी गाविसमा २०२१ साल माग १९ गत्तेका दिन भएको हो । उनले गाउकै विद्यालयमा कक्षा ७ सम्म अध्यन गरेका थिए भने कक्षा ८ देखि बिराटनगरमा रहेको महेन्द्र माध्यमिक बिद्यालयबाट एसएलसी पास गरेका थिए ।

उनले २०४४ साल फागुन १२ गत्ते साविकमा रहेका विजयखड्क गाविस वडा नं. १ मा बस्ने नरबहादुर खत्रिको छोरी पार्वती कुमारी खत्रिसँग मागी विवाह गरेका थिए । खड्ग बहादुर खड्का र पार्बती खड्काका ३ छोरी र एक छोरा गरी ४ सन्तान छन् । ठुलि छोरी कोपिला खड्का गृहणी, माईली कल्पना खड्का उदयपुर जिल्ला हुलाकमा सरकारी जागिरे छिन् । कान्छी मुना खड्का काठमाडौमा स्नातकोत्तर अध्यनरत छिन् । छोरा भुवन खड्का राष्ट्रिय बाणिज्य बैंक गाईघाट उदयपुरमा नायब सुब्बा चौथो तहमा कार्यरत छन् ।

उनीहरु ४ जना दाजुभाइ र २ जना दिदीबहिनी हुन् । जेठो छोरा खड्ग बहादुर नेपाल सरकारका नायव सुब्बाबाट भर्खरै मात्र अवकास प्रप्त हुन् भने उनको माईलो भाई भक्त बहादुर खड्का लामो समय बैदेशिक रोजगारमा काम गरेर नेपाल फर्केर अहिले उदयपुर गाईघाट मै रेडिमेट पसल गरेर बसेका छन् । साईला भाई कुमार बहादुर खड्का उदयपुर जिल्लाको कारागार प्रमुख शाखा अधिकृतका रुपमा कार्यरत छन् ।

कान्छो भाई तिलकबहादुर खड्का सशस्त्र प्रहरीको प्रहरी नायब उपरिक्षक (डिएपी) को जिम्मेवारीमा कार्यरत छन् । दुई वटा दिदी बहिनी मध्य सिता खड्का होटल व्यावसाय हुन् भने कान्छी भगवती खड्का हुन् । उनिहरु जन्मथलो खोटाङबाट २०५६ सालमा उदयपुर गाईघाटमा बसाई आएका थिए । हाल उनीहरु उदयपुर गाईघाट बजारका स्थायी बासिन्दा हुन् ।

कक्षा ८ पास गर्ने वित्तिकै जिल्ला हुलाक मोरङमा चिठि घर-घरमा पुर्याउने हल्कारको भुमिकामा खड्काले २०३७ साल माग २८ गत्ते देखि निजामति सेवामा प्रवेश गरेका हुन् । उनी आफ्नो ४१ बर्षे निजामति सेवामा नायव सुब्बाको पदमा १२ वर्ष रहेर २०७८ साल भदौ १ गत्ते मंगलबार उमेर हदबन्दीका कारण राजिनामा दिएर अबकाश लिएका हुन् । उनि भन्छन आफुसँगै पढेका साथी सम्भुप्रसाद घिमिरे अहिले आफुले कक्षा ७ सम्म पढेको त्यहि विद्यालयको प्राचार्य भएका छन् । अर्का कलेज पढ्दाको साथी डा. धनप्रसाद सुवेदी पाटन क्यम्पसको सहप्राध्यापक छन् ।

उनका अर्का साथी उद्धव रिजाल यस अघि त्रियुगा नगरपालिका उदयपुरको पूर्व कार्यकारी अधिकृत भएर काम गरेर अर्को जिल्लामा सरुवा भएर गए । उनले ४१ वर्ष निजामति सेवामा कार्य गर्दा सुरुमा उनले २७ बर्ष हुलाकमा काम गरेर विताए ।

जस्मा ५ बर्ष मोरङमा, ३ बर्ष सोलुखुम्बुमा, १० बर्ष खोटाङमा, ८ बर्ष उदयपुर जिल्ला हुलाकमा, ५ बर्ष मोरङको मालपोतमा र ४ बर्ष उदयपुर जिल्लाको तत्कालिन यस अघिको जिल्ला बिकास समिति तथा अहिलेका जिल्ला समन्वय समिती कार्यलयमा बसेर कार्य गरे । २०७४ सालदेखि त्रियुगा नगरपालिकामा समायोजन भएर २०७८ भदौ १ गत्ते सम्म उनले पञ्जिकरण शाखामा रहेर सामाजिक सुरक्षा सम्बन्धी काम गरेर अवकास भएका हुन् । उनले विभिन्न ठाउमा बसेर कार्य गर्दा सबै भन्दा बढि सन्तुष्ट पञ्जिकरण शाखामा काम गर्न पाउँदा र बृद्ध बृद्धा आमा बुबारुको सेवा गर्न पाउँदा ४१ बर्षे निजामती सेवामा सबै भन्दा बढि उनी खुशी भएको बताउँछन् ।

सार्बजनिक बिदाको दिन भदौ ६ गते आईतबार गाईघाटमा चलाईएको सरकारी सवारी साधनहरु ।



ओमन ....

पेनाल्टी शुटआउटमा जीत निकालेकोले बेलारुसको एक अंकमात्र भएको हो । उसो त स्वीजरल्याण्डले पनि समुहको आफ्नो पहिलो खेलमा ब्राजिललाई पेनाल्टी शुटआउटमा ४-३ ले पराजित गरेको थियो । बगर फुटबलको विश्वकपमा ब्राजिल सर्वाधिक पाँच पटकको विजेता हो । त्यसपछि पोर्चुगल र रुस दुईदुईपटकको विजेता हुन् । विश्व एन्टी डोपिङ एजेन्सीका प्रतिबन्धका कारण यसपटक आयोजक रुसले प्रतियोगितामा भाग लिनु पाएपनि देशको नाम, राष्ट्रिय गीत र झण्डा प्रयोग गर्नु पाउँदैन ।

त्यसैले रुसले रुस फुटबल युनियनको नाममा सहभागिता जनाइरहेको छ । त्यसैगरि शनिबार अबेर सम्पन्न खेलमा समुह बी मा ताहिटीले स्पेन र समुह ए मा रुस फुटबल युनियनले पाराग्वेलाई पराजित गरेको थियो । त्यसैगरि घरेलु फुटबलमा लक्की स्टार क्लब ललितपुरले आफ्नो खेलाडीलाई एक कार्यक्रमकाबीच जर्सीलगायत खेलकुद सामाग्री वितरण गरेको छ । ऊर्जा तथा जलस्रोत मन्त्री पम्फा भुसालको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो । टोली अहिले सी डिभिजन छनौटको तयारीमा लागिपरेको छ ।

युनिक रेष्टुरेन्ट
Unique Restaurant
त्रि.न.पा. ११, विद्युत मार्ग

प्रोपाईटर – प्रविण बस्नेत
होमडेलिभरीको लागि
सम्पर्क – ९८४४०५०२७५

चिकेन म:म:...............	१००
चिकेन फ्राई म:म:	.१२०
चिकेन सी म:म............	१५०
चिकेन चाउमिन	..१५०
अण्डा चाउमिन............	..१००
भेज चाउमिन..............	७०
भटमास चिउरा सादेको..	.६०
चिकेन रोष्ट.................	९०
चिकेन रोष्ट खाजा सेट..	१५०
चिकेन सादेको................	३००
चिकेन चिल्लि	३००
चिकेन पकौडा..................	३००
चिकेन फ्राई..................	..२००
भेज पकौडा....................	१००
मटन पक्कु......................	४००
पक्कु खाजा सेट	४३०
मटन भुटन......................	३००
मटन भुटन खाजा सेट....	३३०
कोल्ड्रिंस पर ग्लास........	.५०
हुक्का पर फेस...............	३००

Triyuga Model Secondary School
T.N.P.11 Gaighat

Admission
0pen

A reknown and leading educational school of udayapur district proudly announces the admission open for academic year 2078 in grade 11(XI) in

- Science
- Law
- Management (English+ Nepali medium)
- Education
- Computer Science
- Mass Communication

Admission Open

HURRY UP ! SEATS ARE LIMITED

Contact: Triyuga Secondary School
Phone No: 035-420106
Mobile No: 9852835691/9852835238

triyuga@gmail.com

सानुमाया फर्निचर उद्योग

प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क – ९८४२९८५१८८

उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नम्बर ५ देउरी जलजले सिमेन्ट कम्पनी पछाडी साकेला थानमा रहेको फुटबल खेलमैदान । ग्रामिण भेगमा रहेको खाली जग्गामा खेलमैदान हुँदा स्थानीय युवायुवतीलाई खेल खेल्न सहज भएको छ । तस्बिर - बुद्धि कुमार राई

ओमन बिच सकर विश्वकप बाहिरियो

❖ बिबेक राई

उदयपुर, भदौ ६

रुसमा भइरहेको फिफा बिच् सकर विश्वकपबाट एशियाली मुलुक ओमन बाहिरिएको छ । रुसमा अहिले समुद्र तट अर्थात बालुवामाथि बगरमा खेलिने फुटबलको ११ औं संस्करणको विश्वकप भइरहेको छ। चार समुहमध्ये अन्तिम समुह डी मा लगातार दुई खेल हारेसँगै ओमन प्रतियोगिताबाट बाहिरिएको छ । अब समुहको अन्तिम खेल ओमनको लागि औपचारिक खेल भएको छ । अब ओमनले सेनेगलविरुद्ध खेलमा जीत नै निकालेपनि त्यसको कुनै अर्थ नहुने भएको छ।

ओमनले समुहको पहिलो खेलमा पोर्चुगललाई ५-३ को नतिजा सुम्पिएको थियो । आईतबार उरुग्वेलाई ४-२ को नतिजा सुम्पिएपछि ओमन एक खेलअगावै बाहिरिन बाध्य भयो । सातौं मिनेटमा कप्तान माटियस क्याब्रेरा र १४ औं मिनेटमा ग्यास्टन लडुचेले गोल गरेपछि उरुग्वे सुरुमा दुई गोलको अग्रता लिन सफल भएको थियो । पछि २५ औं मिनेटमा नुह अल-जडजाली र २७ औं मिनेटमा अब्दुलाह अल-साउतीले ओमनको लागि लगालग बराबरी गोल फर्काएका पनि थिए।

तर अन्तिम मिनेटमा माटियस गुरेरो र लुइस क्विन्टाले गोल थपेपछि उरुग्वे जीतको हकदार बन्यो । यसअघि सेनेगललाई ६-१ को नतिजा सुम्पिएको उरुग्वेको यो पहिलो जीत हो । यस जीतसँगै उरुग्वेले समुह चरण पार गरेर नकआउट चरण पुग्ने सम्भवानालाई कायमै राखेको छ । अब उरुग्वेले समुह चरणको आफ्नो अन्तिम खेलमा पोर्चुगलसँग खेल्न बाँकी छ। समुह डी मा सेनेगल, पोर्चुगल र उरुग्वेको समान तीन अंक भएपनि एकएक खेलमात्र खेलेको भएपनि सेनेगल र पोर्चुगलको राम्रो गोलअन्तर छ ।

ओमन बाहिरिएसँगै अब प्रतियोगितामा एशियाली मुलुकबाट जापान र यूएई बाँकी रहेका छन्। ओमन एकखेल अगावै बाहिरिएपनि जापान भने प्रतियोगितामा एकखेल अगावै अघिल्लो चरण पक्का गर्ने पहिलो टोली बनेको थियो । आईतबार नै भएको अर्को खेलमा समुह सी मा स्वीजरल्याण्डले बेलारुसलाई ७-३ ले हराउँदै अघिल्लो चरण लगभग पक्का गरेको छ। समुहको शिर्षास्थानमा रहेको स्वीजरल्याण्डको दुई खेलबाट चार अंक छ । हारेपनि बेलारुस एक अंकसहित समुहको दोस्रो स्थानमा यथावत छ ।

यसअघि बेलारुसले इलसाल्भाडोरलाई टाइब्रेकरमा ५-४ ले पराजित गरेको थियो । साधारण फुटबलमा समुह चरण खेलमा बराबरीकै नतिजा स्वीकार्य भएपनि बिच् सकर फुटबलमा समुह चरणकै खेलभएपनि बराबरी स्वीकार्य हुँदैन। त्यसैले अतिरिक्त समय हुँदै पेनाल्टी शुटआउटमा ल्याएर भएपनि नतिजा निकाल्नैपर्ने हुन्छ । बालुवामाथि खेलिने यस प्रकारको फुटबलमा निर्धारित समयमा जीत निकाले तीन अंक, अतिरिक्त समयमा दुई र पेनाल्टी शुटआउटमा जीत निकाले एक अंक दिने नियम छ ।

- बाँकी ३ पेजमा

गाईघाट–काठमाडौं सुमो सेवा
प्रो गणेश भट्टराई
९८४२८२५९७४
९८१४७२४६२९
अभिषेक
९८१४७३६४२०
दैनिक सेवा
गाईघाट सम्पर्क
९८४२९१४४०२
९८०५९९६७००
facebook/Ganesh Khatri बाट पनि टिकट काटिनेछ ।
काठमाडौं बाट खुर्कोट सिन्धुली वर्दिबास लाहान गाईघाट मुर्कुची जोगीदह हडिया बेल्टार शिवाई रामपुर फत्तेपुर
नेपाल भरी गाडी रिजर्भमा चाहिएमा सम्पर्क गर्नुहोला ।

प्रियंका फैन्सी पसल
तिजको नयाँ डिजाईनको सारी, कुता सुरुवार्ल प्रियंका फेन्सी पसलमा पाईन्छ ।
यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर
सगरमाथा अञ्चलकै अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि
Faculties
➢Management
➢Humanities
➢Education
+2 मा भर्ना खुल्यो !
कार्यक्रम
आवेदन फारम वितरण भईरहेको छ ।
प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
कक्षा सञ्चालन भाद्र १५ गते
आवश्यकता अनुसार पुनः प्रवेश परीक्षा लिइने
९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०
विशेष अवसर - SEE मा A+ ल्याउनेलाई मासिक शुल्कमा [illegible] छुट
- SEE मा A ल्याउनेलाई मासिक शुल्कमा [illegible] छुट
Computer Science मा सिट सङ्ख्या मात्र ३० !
Campus Chief
Visit Us At Least Once, Then feel the Difference !!

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट